फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.

First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गको थोक लघुवित्त कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

INTERIM FINANCIAL STATEMENTS

Condensed Statement of Financial Position

As on 1st Quarter ended 31 Ashwin 2083 (17/10/2026)

	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalent	299,637,303	888,196,027
Statutory Balances and Due from Nepal Rastra Bank	18,318,475	18,318,475
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans & Advances to MFIs & Cooperatives	4,679,774,818	4,695,198,275
Loans and Advances to Customers	29,636,086	28,915,273
Investment Securities	16,341,800	16,341,800
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	3,329,042	3,755,300
Goodwill and Intangible assets	-	-
Deferred Tax assets	10,904,119	10,904,119
Other Assets	76,992,548	78,865,462
Total Assets	**5,134,934,191**	**5,740,494,731**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposit from Customers	-	-
Borrowing	3,155,077,828	3,760,426,933
Current Tax Liabilities	7,619,097	10,602,533
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	96,328,854	111,334,746
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**3,259,025,779**	**3,882,364,212**
Equity		
Share Capital	1,344,871,323	1,344,871,323
Share Premium	-	-
Retained Earnings	161,893,176	154,682,842
Reserves	369,143,913	358,576,354
Total Equity	**1,875,908,412**	**1,858,130,519**
Total Liabilities and Equity	**5,134,934,191**	**5,740,494,731**

Condensed Statement of Profit or Loss

Upto Ashwin End 2083

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest Income	65,303,478	65,303,478	103,271,266	103,271,266
Interest Expense	(31,431,467)	(31,431,467)	(58,429,454)	(58,429,454)
Net Interest Income	**33,872,011**	**33,872,011**	**44,841,812**	**44,841,812**
Fee and Commission Income	122,871	122,871	29,373	29,373
Fee and Commission Expense	-	-	(700,000)	(700,000)
Net Fee and Commission Income	**122,871**	**122,871**	**(670,627)**	**(670,627)**
Net Interest, Fee and Commission Income	**33,994,882**	**33,994,882**	**44,171,185**	**44,171,185**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**33,994,882**	**33,994,882**	**44,171,185**	**44,171,185**
Impairment Charge for loans and other losses	6,741,310	6,741,310	(7,528,958)	(7,528,958)
Net Operating income	**40,736,192**	**40,736,192**	**36,642,227**	**36,642,227**
Operating Expenses	**(15,339,202)**	**(15,339,202)**	**(12,584,323)**	**(12,584,323)**
Personnel Expenses	(9,752,724)	(9,752,724)	(9,808,722)	(9,808,722)
Other Operating Expenses	(5,160,220)	(5,160,220)	(2,294,764)	(2,294,764)
Depreciation and Amortisation	(426,258)	(426,258)	(480,837)	(480,837)
Operating Profit	**25,396,990**	**25,396,990**	**24,057,904**	**24,057,904**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**25,396,990**	**25,396,990**	**24,057,904**	**24,057,904**
Income Tax Expense	-			
Current Tax	(7,619,097)	(7,619,097)	(7,217,371)	(7,217,371)
Deferred Tax	-	-	-	-
Profit (Loss) for the Period	**17,777,893**	**17,777,893**	**16,840,533**	**16,840,533**

Statement of Comprehensive Income

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Profit (Loss) for the Period	17,777,893	17,777,893	16,840,533	16,840,533
Profit for the Period	17,777,893	17,777,893	16,840,533	16,840,533
Total	**17,777,893**	**17,777,893**	**16,840,533**	**16,840,533**
Basic Earnings per Share		5.29		5.01
Diluted Earnings per Share		5.29		5.01

Ratio As per NRB Directive

Ratios	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		36.91%		30.66%
Non-performing loan (NPL) to Toal Loan		1.97%		4.24%
Net NPL to Net Loan		0.00%		0.24%
Total Loan Loss provision to Total NPL		150.10%		117.25%
Cost of Funds		4.63%		5.63%
Credit to Deposit and borrowing Ratio		148.33%		135.06%
Base Rate		6.53%		6.79%
Interest Rate Spread		1.08%		1.57%

Statement of Distributable Profit or Loss

Upto Ashwin End 2083

	Current Year (Upto This Qtr)	Previous Year (Corresponding Qtr)
Net Profit or (loss) as per Statement of Profit or Loss	**17,777,893**	**16,840,533**
Appropriations		
a. General Reserve	(3,555,579)	(3,368,107)
b. Capital Redemption Reserve		
c. Corporate Social Responsiability	(177,779)	(168,405)
d. Employee Training Fund	-	-
e. Client Protection Fund	(533,337)	(336,811)
f. Other	2,882,297	-
Profit or (loss) Before Regulatory Adjustment	**16,393,495**	**12,967,210**
Regulatory Adjustment		
a. (Interest Receivable)/Previous Accured Interest Received	(3,418,567)	(5,136,578)
b. (Short Loan Loss Provision in Accounts)/Reversal	-	-
c. (Short Provision for Possible Loss in Investment)/Reversal	-	-
d. (Short Loan Loss Provision on Non Banking Asset)/Reversal	-	-
e. (Deffered Tax Asset Reconized)/Reversal	-	-
f. (Goodwill Recognized)/Impairment of Goodwill	-	-
g. (Bargain Purchase Gain Reconized)/Reversal	-	-
h. (Acturial Loss Regognized)/Reversal	-	-
i. Other	-	-
Net Profit or (loss) for the year ended available for Distribution	**12,974,928**	**7,830,632**
Opening Retained Earning	**154,682,842**	**107,891,895**
Adjustment (+-) Prior Period Tax		
Distribution:	**(148,643,673)**	**-**
Bonus Share Issued	-	-
Cash Dividend Proposed for FY 2082/83	(148,643,673)	-
Total Distributabe Profit or (Loss) as on Qtr End Date	**19,014,097**	**115,722,527**
Annulized Distributable Profit/Loss Per Share	**4.31**	**10.35**

Notes to Interim Financial Statements:

1. The above figures are subject to change as per the direction of the Regulators and/or external auditors.
2. The interim financial statement has been prepared in accordance with NFRS issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
3. The Microfinance, following regulatory backstop measures as mentioned in clause 16 of NFRS-9 ECL Guidelines 2024 issued by NRB has recognized impairment on credit exposure as the higher of total ECL and existing NRB Directives on loan loss provision.
4. Loans and Advances to MFIs and Co-operatives are presented net of impairment allowances.
5. Loans and Advances to Customers (employees) measured at amortized costs
6. Last year figures have been reclassified, restated & corrected wherever necessary for the purpose for comparability.
7. The Interim Financial Statements has been updated in the Microfinane website: www.fmdb.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) आ.व. २०८३/८४ को प्रथम त्रैमासिक वित्तीय विवरण यस लघु वित्त वित्तीय संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै संस्थाको वेबसाइटमा अद्यावधिक गर्नुका साथै यसै साथ प्रकाशित गरिएको छ ।

संस्थासंग सम्बन्धित पक्षहरुसंगको कारोबारमा यस संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरु संग भएको कारोबारको विवरण निम्न बमोजिम रहेको छ :

सम्बन्धित पक्ष	सम्बन्ध	कर्जा सापटी	ब्याज खर्च	अन्य खर्च
ग्लोबल आइएमई बैंक लि	यस संस्थाको ९.९९ प्रतिशत संस्थापक शेयर धारण	१११.६६	०.५७	-
राष्ट्रिय बाणिज्य बैंक लि.	यस संस्थाको ४.७३ प्रतिशत संस्थापक शेयर धारण	४१.०६	०.२६	-
ग्लोबल आइएमई क्यापिटल लि.	ग्लोबल आइएमई बैंक लि. को सहायक कम्पनी	-	-	-

यसका साथै माथि उल्लेखित बैंकहरुमा यस संस्थाको बैंक खाताहरु पनि सञ्चालनमा रहेका छन् ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी रु.	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ रु.	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	तरलता अनुपात (प्रतिशत)
५.२९	१३६.४८	१३९.४९	३८१.८२	१०.०८

२. व्यवस्थापकीय विश्लेषण :

क) **त्रैमासिक अवधिमा संस्थाको बैंक मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

अघिल्लो आ.व. मसान्तको तुलनामा यस त्रैमास मसान्तको तरलता मौज्दातमा ६५.९३ प्रतिशतले कमि, संचित नाफा तथा जगेडा कोषमा ३.४६ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै संस्थाको खुद कर्जा लगानी रकम अघिल्लो आ.व. मसान्तको तुलनामा ०.३३ प्रतिशतले घटेको छ । यस आ.व. को प्रथम त्रैमासमाको खुद मुनाफा अघिल्लो आ.ब. को प्रथम त्रैमास मसान्तको तुलनामा ५.५० प्रतिशतले बढेको छ । यस आ.व. को प्रथम त्रैमास सम्मको खुद नाफा एक करोड सतहत्तर लाख सतहत्तर हजार आठ सय त्रियान्नब्बे रहेको छ । यस त्रैमासमा संस्थाले तरलता, जोखिम तथा ब्याजदर अन्तरको व्यवस्थापन गरेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

यस लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी गरिएका प्रचलित ऐन, नियम, विनियम तथा निर्देशनहरुको पूर्ण पालना गर्दै गुणस्तरीय, समावेशी एवं दिगो लघुवित्तीय सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छ । लघुवित्त क्षेत्रमा देखिएको बढ्दो प्रतिस्पर्धा, कर्जाको गुणस्तरमा देखिएको क्षयीकरण, कर्जा असुलीमा परेको दबाब, निष्क्रिय कर्जाको बढ्दो जोखिम तथा पूँजीमा परेको अधिक चापलाई मध्यनजर गर्दै संस्थाले आफ्नो व्यावसायिक रणनीतिलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको छ । यस क्रममा संस्थाले जोखिममा रहेका ऋणको समयमै पहिचान, कर्जा सदुपयोगिता अनुगमन, निष्क्रिय कर्जा असुली एवं पर्याप्त जोखिम व्यवस्था तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्राथमिकता दिनेछ । यसका अतिरिक्त, संस्थाको दीर्घकालीन व्यवसायिक स्थायित्व, प्रतिस्पर्धात्मक क्षमता तथा सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यका साथ थोक कर्जा कारोबारलाई निरन्तरता दिँदै खुद्रा कर्जा कारोबार समेत गर्न श्री महिला लघुवित्त वित्तीय संस्थालाई गाभ्नको लागि प्रारम्भिक समझदारी पत्रमा समेत हस्ताक्षर भइ गाभ्ने/गाभिने तथा प्राप्ती प्रकृया अघि बढाइएको छ ।

ग) **वित्तकको अनुमतबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

यस त्रैमास मसान्तसम्म संस्थाले न्यून व्यवसायिक आकार तथा प्रतिकूल व्यवसायिक वातावरणका बाबजुद पनि जोखिमयुक्त कर्जाको प्रभावकारी व्यवस्थापन गर्दै खुद नाफा गर्न सफल भएको छ । वित्तीय क्षेत्रमा देखिएको अधिक तरलताको प्रभाव यस संस्थाको कारोबारमा समेत परेको छ, जसको असर अझ केहि समय रहने देखिन्छ । यस संस्थाको कर्जा विस्तार गर्न सक्ने क्षमता रहेको हुँदा लगानीयोग्य कर्जाको माग भएको अवस्थामा कर्जा लगानी विस्तार हुने अपेक्षा गरिएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**

यस संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**

संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।।

ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**

कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**

यस लघु वित्त वित्तिय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोवार अवलोकन गरिरहेको छ । समिक्षा अवधिमा शेयरको मूल्यमा तात्विक असर पार्ने कुनै पनि असामान्य घटना घटेको छैन । यस लघु वित्त वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेन्जको सूचकाङ्कको आधारमा खुल्ला बजारमा सामान्य रुपमा कारोबार भइरहेको पाइन्छ ।

ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**

मिति २०८३/०४/०१ देखि २०८३/०६/३१ सम्मको अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न विवरण अनुसार भएको देखिन्छ ।

अधिकतम मूल्य रु	न्यूनतम मूल्य रु	अन्तिम मूल्य रु	कारोवार भएको कूल दिन	कारोवारको संख्या	कारोवार भएको कुल शेयर संख्या
९१२.००	६८९.८०	७२२.००	६१	६,९३१	१,०२१,१९५

(श्रोत: नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

५. समस्या तथा चुनौती :

समस्या : सीमित वित्तीय श्रोत, लघुवित्त सदस्यहरुको वित्तीय व्यवहारमा परिवर्तन, दक्ष तथा अनुभवी जनशक्तिको अपर्याप्तता आदि ।

चुनौती : ऋणी संस्थाहरुको बढ्दो तरलता, नीति तथा नियामकीय व्यवस्थामा हुने परिवर्तन, घट्दो ब्याजदर अन्तर, ऋणी संस्थाहरुको कर्जा गुणस्तरमा ह्रास, वित्तीय स्रोतको विविधतामा कमी ।

रणनीति: लक्षित विपन्न सदस्यहरुमा सेवा विस्तार गर्न, साम्झेदार लघुवित्त संस्थाहरुको संस्थागत विस्तार गर्न, लगानीमा विविधीकरण कायम गर्न र समग्र जोखिम न्यूनीकरण गर्न देहायका रणनीतिहरु अवलम्बन गर्नेछ :

क. व्यवसायिक सम्बन्ध तथा सूचना प्रणाली सदृढ गर्ने ।
ख. संस्थागत दिगोपना अभिवृद्धि गर्ने ।
ग. जोखिम न्यूनीकरण र कर्जा गुणस्तर सुधार गर्ने ।
घ. कर्जा लगानी सम्बन्धि रणनीति पुनरावलोकन गर्ने ।
ङ. लागत न्यूनीकरण तथा सञ्चालन दक्षता अभिवृद्धि गर्ने ।
च. मानव संसाधन विकास तथा व्यवस्थापन गर्ने ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पति शुद्धिकरण अनुगमन समिति तथा कर्मचारी सेवा सुविधा समिति लगायतका समितिहरु र व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । ऐन तथा नियम, नेपाल राष्ट्र बैंकको निर्देशन तथा लघुवित्त वित्तीय संस्थाले बनाएका नीति नियमहरु अनुपालन गरिएका छन् । संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरु तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ जुन सञ्चालक समिति तथा अन्य समितिहरुद्वारा नियमित रुपमा सम्बन्धित विषयमा अनुगमन गर्ने गरिएको छ ।

७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।